**मिति २०८१/१०/२७ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

(१) ईलाका प्रशासन माग गर्ने सम्बन्धमा ।
(२) अनुगमन प्रतिवेदन सम्बन्धमा ।
(३) स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन सम्बन्धमा ।
(४) कक्षा ८ को परिक्षा संचालन समिति गठन सम्बन्धमा ।
(५) संस्थागत क्षमता स्वंमुल्याङ्कनको नतिजा सार्वजनिक तथा एफआरएको नतिजा सम्बन्धमा ।
(६) संघीय समपुरक र विशेष अनुदान तर्फ माग गर्ने योजना छनौट सम्बन्धमा ।
(७) विभिन्न कार्यविधि सम्बन्धमा ।
(८) जिल्ला प्रशासन कार्यालय अ.खा.को सहयोग माग पत्र सम्बन्धमा ।
(९) कन्टिन्जेन्सी रकमको कार्यक्रम सम्बन्धमा ।
(१०) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फको रकम विनियोजन सम्बन्धमा ।
(११) जेसी अडिट रिपोर्ट सम्बन्धमा ।
(१२) नसर्ने रोग सम्बन्धी शिविर संचालन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका क्षेत्रफलको हिसावले नेपालकै ठूलो नगरपालिका हो । यसको क्षेत्रफल ७३० वर्ग कि.मी. रहेको छ । यस नगरपालिकामा १४ वटा वडाहरु रहेका छन् । नगरपालिकाको केन्द्र विन्दु वडा नं. ३ मा रहेको छ । यस नगरपालिकामा टाढा/टाढाका वडा कार्यालय तथा विभिन्न वस्तीबाट आईपुग्न करिव ५/६ घण्टा समय लाग्छ भने एकतर्फी भाडा समेत करिव ८००।- सम्म लाग्ने अवस्था छ । यस पालिकाबाट जिल्ला सदरमुकाम सम्म पुग्न करिव २ घण्टा लाग्ने र अन्दाजी एकतर्फी भाडा २००।- सम्म रहेको छ । जसका कारण नगरवासीले एक दिनमा सदरमुकामबाट सेवा प्राप्त गरी सोही दिन आफ्नो घर फर्किन सक्ने अवस्था छैन ।

देशमा संघीय शासन प्रणाली लागू भएतापनि अर्घाखाँची जिल्लाको आधा भन्दा बढी भू-भाग ओगटेको यस नगरपालिकाका जनता नागरिकता, पासपोर्ट, शान्ति सुरक्षा, जग्गा रजिष्ट्रेशन, नापनक्सा लगायतका अत्यावश्यक कामको लागि जिल्ला सदरमुकाम जानु पर्ने वाध्यता यथावत रही रहेकाले अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिकाको ठाडामा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय स्थापनाको लागि गृह मन्त्रालय र भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा अनुगमन समितिका अध्यक्ष एवं नगर उप प्रमुखले पेश गरेको अनुगमन प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो । प्रतिवेदनमा उल्लेख भएबमोजिम अनुगमन समितिले गरेको सिफारिस बमोजिम भएको भुक्तानी कार्यलाई समर्थन गर्दै थप प्रभावकारी अनुगमनको व्यवस्था

CamScanner

मिलाउने र अनुगमन समितिले दिएको सुझावलाई समेत आगामी दिनमा ध्यान दिई सुधार गर्नु पर्ने विषयमा सुधार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० को दफा ६ मा भएको व्यवस्था अनुसारको कार्य गर्नको लागि सोही दफा बमोजिम तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

***तपशिल***

संयोजक - मान बहादुर नेपाली (पूर्वाधार विकास समिति संयोजक)

सदस्य - नुमलाल खनाल (योजना तथा कार्यक्रम)

सदस्य - विवेक के.सी. (प्राविधिक इन्जिनियर)

सदस्य - विनोद पोखेल (शिक्षा शाखा प्रमुख)

सदस्य - नारायण पाण्डे (वातावरण क्षेत्र हेर्ने)

सदस्य - महिला वालवालिका तथा जेष्ठ नगरिक शाखा प्रमुख (लैङ्गिक समता एव समावेशीकरण हेर्ने अधिकृत)

सदस्य सचिव - राज कुमार सिंजाली (शिक्षा शाखा)

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आधारभुत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरण सम्वन्धी मापदण्ड २०७६ को दफा ३ बमोजिम परिक्षा संचालनको लागि तपशिल अनुसारको परिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

संयोजक - बिनोद पोखेल (शिक्षा अधिकृत)

सदस्य - त्रिलोक पौडेल (प्र.अ. मन्द्रे मा.वि.)

सदस्य - पुनाराम पौडेल ( शिक्षक जनजागृती मा.वि.)

सदस्य - माया घिमिरे अर्याल (शिक्षक ज्योति मा.वि.)

सदस्य - धर्मराज खनाल (शिक्षक सरस्वती मा.वि.)

सदस्य - लक्ष्मण ओली (प्र.अ.डिही आ.वि.)

सदस्य - निमानन्द भुसाल (शिक्षक पावर मा.वि.)

सदस्य - कमल वेल्वासे (प्रिन्सिपल ग्रिन स्टार ई.वो. इस्कुल)

सदस्य सचिव - राज कुमार सिंजाली (प्रा.स. शिक्षा)

CamScanner

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को संस्थागत क्षमता स्वमूल्यांकन (LISA) मा क्षेत्र तथा सूचकगत रुपमा मिति २०८१/०९/२८ र मिति २०८१/१०/०४ गतेको कार्यपालिका बैठकमा छलफल भई प्रस्तावित अंक ८७.७५ सहित पृष्ठपोषणको लागी जिल्ला समन्वय समितिमा पठाईएकोमा जिल्ला समन्वय समिति अर्घाखाँचीबाट ८७.७५ अंक सहित पृष्ठपोषण भई आएको नतिजा आजको बैठकमा छलफल भयो । प्राप्त अन्तिम नतिजालाई सार्वजनिक गर्ने र आ.व. २०८०/०८१ को एफआरए तर्फको मुल्याङ्कन भई प्रस्तावित ८७.५० अङ्क जिल्ला समन्वय समितिमा पेश भएको सन्दर्भमा जिल्ला समन्वय समितिबाट प्राप्त हुने अन्तिम नतिजालाई प्राप्त हुनासाथ सार्वजनिक गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई दिने । साथै आगामी दिनमा अङ्क प्राप्त हुन नसकेका बिभिन्न सूचकहरुमा थप सुधार गर्दै जाने निर्णय गरियो ।

**तपशिल**

| सि. न. | बिषयगत क्षेत्र | अंक भार | पृष्ठपोषणको लागी पठाइएको अङ्क | पृष्ठपोषण भई आएको प्राप्ताङ्क | सार्वजनिक गर्ने अन्तिम पाप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ८ | ८ | ८ |
| २ | संगठन तथा प्रशासन | ८ | ७.२५ | ७.२५ | ७.२५ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | १० | १० | १० |
| ४ | वित्तिय एवं आर्थिक व्यवस्थापन | ११ | १०.५ | १०.५ | १०.५ |
| ५ | सेवा प्रवाह | १६ | १५ | १५ | १५ |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | ७ | ७ |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५० | १०.५० | १०.५० |
| ८ | सामाजिक समावेशीकरण | १० | ८.५ | ८.५ | ८.५ |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ५ | ५ | ५ |
| १० | सहकार्य समन्वय | ६ | ६ | ६ | ६ |
| | जम्मा | १०० | ८७.७५ | ८७.७५ | ८७.७५ |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि संघीय समपुरक अनुदान तथा विशेष अनुदान अर्न्तगत सञ्चालन गरिने आयोजनाहरुको लागि राष्ट्रिय योजना आयोगबाट प्रस्ताव आव्हान सम्वन्धी सूचना जारी गरेको सन्दर्भमा उल्लेखित सूचना बमोजिम यस नगरपालिकाका तपशिल बमोजिमका योजनाहरु संघीय समपुरक तथा विषेश अनुदान तर्फ प्राथमिकताका आधारमा माग गर्ने निर्णय गरियो ।

CamScanner

**संघीय समपुरक अनुदान तर्फ माग गर्ने योजनाहरु**

(१) भेडामारे सिमलपानी बौरी भाटगाउँ चिदिचौर हुदै चोलारानी ढाव पावरा विक्रम सडक स्तरोन्नती तथा कालोपत्रे गर्न रु ५ करोड

(२) बहखोर लौरी बसेनी आपचौर बढीदमार सडक स्तरोन्नती लागि रु १ करोड

(३) रातामाटा थामकोट खाल गल्दा सडक स्तरोन्नतीको लागि रु १ करोड

**विषेश अनुदान तर्फ माग गर्ने योजनाहरु**

(क) डमरुदह बहुउदेश्यीय सिंचाई योजना निर्माण शिनपा ३, ४ र १२ को लागि रु २ करोड

(ख) सम्भु आ.वि.छात्रवास भवन निर्माण शिनपा ११ को लागि रु ५० लाख

(ग) गोजरखोला झिर्रा खा.पा. योजना निर्माण शिनपा २ को लागि रु ५० लाख

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विधायन समितिबाट निर्णय भई आजको कार्यापालिका बैठकमा पेश भएका विभिन्न निर्देशिका, कार्यविधिहरु मध्ये तपशिल बमोजिमका निर्देशिका, कार्यविधिहरु स्वीकृत गर्ने र बाँकी रहेका अन्य कार्यविधिहरु पुन विद्यायन समितिमा पठाई थप अध्ययन गरी अर्को बैठकमा पेश गर्न लगाउने निर्णय गरियो ।

**तपशिल**

(क) शितगंगा नगरपालिकाको कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी निर्देशिका, २०८१

(ख) शितगंगा नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८१

(ग) शितगंगा नगरपालिकाको विद्यालय समायोजन, शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको च.नं.१९२१ मिति २०८१/१०/२३ को पत्रबाट नागरिकताका अनुसूचीहरु व्यवस्थिंत गर्ने कार्य भई रहेकोले अभिलेख व्यवस्थापनका लागि सहयोग गरि दिन भनि माग भई आएकोमा उक्त कार्य व्यवस्थित गर्न यस नगरपालिकाको तर्फबाट बढिमा रु १०००००।- दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा चालु आ.व.मा यस कार्यालय मार्फत संचालन हुने योजना तथा कार्यक्रमको कन्टिन्जेन्सीबाट योजना तथा कार्यक्रमलाई थप गुणस्तरीय प्रभावकारी बनाउने र सेवा प्रवाहलाई समेत चुस्त दुरुस्त बनाउन तपशिल बमोजिम रकम निर्देशिकाको परिधि भित्र रही विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

CamScanner

## तपशिल

| सि.नं | आम्दानीको श्रोत | रकम | सि.नं | खर्च शिर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | विभिन्न योजनाबाट कट्टा गरी प्राप्त हुने कन्टिन्जेन्शी रकम | २४०००००० | १ | सुपरभाईजर खर्च | ३००००० |
| | | | २ | सुपरभिजन तथा अनुगमन खर्च | ४००००० |
| | | | ३ | मुल्याङ्कन समिति बैठक भत्ता | २००००० |
| | | | ४ | एम्बुलेन्स तथा गाडी मर्मत खर्च | २००००० |
| | | | ५ | कार्यालय संचालन खर्च | २००००० |
| | | | ६ | नसर्ने रोग स्किनिङ्ग सम्वन्धी शिविर संचालन खर्च | २००००० |
| | | | ७ | शिनपा १३ खोल्टेपानी टावर औद्योगिक ग्राम सिमलपानी खा.पा. योजनाको लागि बाटो निर्माणको | १५०००० |
| | | | ८ | जिल्ला प्रशासन कार्यालय अ.खा. अभिलेख व्यवस्थापन खर्च | १००००० |
| | | | ९ | विविध खर्च | २५०००० |
| | | | १० | भैपरी आउने | ४००००० |
| | जम्मा | २४००००० | | जम्मा | २४००००० |

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अर्न्तगत यस नगरपालिकामा चालु आ.व.मा कार्यान्वयन हुने गरी रु २३४०००००।- वजेट प्राप्त भएकोमा उक्त कार्यक्रम संचालन कार्यविधिमा भएको व्यवस्था बमोजिम नगरपालिकाको प्राथमिकतामा रहेका तपशिलका योजनाहरुमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फको रकम, नगरपालिकाले व्यहोर्ने समपुरक रकम र श्रोत सुनिश्चितताको रकम गरी कार्य गर्न तपशिल अनुसारको रकम विनियोजन गर्ने साथै उक्त योजनाहरुको कार्य गर्दा सम्बन्धित योजनाको कुनै एक क्षेत्रमा मात्र निर्माण तथा स्तरोन्नतीको कार्य गर्ने ठेक्का प्रकृयाको माध्यमबाट कार्यान्वयन गर्ने साथै नगरपालिकाले व्यहोर्ने समपुरक रकम सम्बन्धित योजनाको लागि नगरसभाबाट विनियोजन भएको रमबाट व्यहोर्ने निर्णय गरियो ।

## तपशिल

| सि. नं. | योजनाको नाम र ठेगाना | स्था.पू.स कार्यक्रम तर्फको रकम (LISP) | नगरपालिकाले समपुरक बापत व्यहोर्ने रकम | श्रोत सुनिश्चितताको रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | चाक्ला जुकेना ढुलादुङ्गे बरौला सडक स्तरोन्नती कार्य (रातामाटा गल्दा खण्ड) | ५०००००० | १०००००० | १२००००० | ७२००००० |
| २ | हर्रे बोखर सिद्धारा लौरी लामाताल सडक स्तरोन्नती कार्य (बहखोर सिद्धारा खण्ड) | ४९००००० | ३५००००० | १६००००० | १०००००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पोखेडाँडा पदमे कोहल सेङ्गलेङ्ग सडक स्तरोन्नती कार्य (सितखोला बोउट्टा सडक खण्ड) | ४५००००० | १०००००० | ११००००० | ६६००००० |
| ४ | भर्लावास मुसियान ढाव छेडा पाल्लेपानी सितापुर सडक स्तरोन्नती कार्य (पाल्लेपानी खण्ड) | ४५००००० | १०००००० | ११००००० | ६६००००० |
| ५ | विकम केवरापानी करेचुली सडक स्तरोन्नती कार्य (पानीको मुखान क्षेत्र देखि बुडाबुडी ढुङ्गा खण्ड क्षेत्र ) | ४५००००० | १०००००० | ११००००० | ६६००००० |
| | जम्मा | २३४००००० | ७५००००० | ६१००००० | ३७०००००० |

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८०/०८१ को जेसी अडिट रिर्पोट आजको बैठकमा पेश भई छलफल भयो । कुल पूर्णङ्क १०० मध्ये ४५.५ अङ्क आएकोले उक्त रिर्पोटका आधारमा आगामी दिनमा सुधार गर्नु पर्ने विषयमा सुधार हुने गरी कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ८९ मिति २०८१/१०/१३ गतेको पत्रबाट नसर्ने रोगहरुको स्किनिङ्ग शिविर कार्यक्रम एक महिने अभियानको रुपमा संचालन गर्न भनि लेखि आएकोले उक्त कार्यकम चालु आ.व.को कन्टिन्जेन्सी खर्च शिर्षक तर्फ विनियोजित रकमबाट खर्च गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन गरियो ।